हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी
प्रदेश नं. १, नेपाल

करारमा पदपुर्ति गर्ने सम्बन्धि सूचना

**दोश्रो पटक प्रकाशित मिति :- २०७९/०८/२६**

यस हरिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका लागि तपसिल बमोजिमका पदहरुमा सेवा करारमा कर्मचारीहरु पदपुर्ति गर्न यस कार्यालयबाट मिति २०७९/०५/०८ गते प्रथम पटक प्रकाशित सूचना अनुसार पर्याप्त उम्मेदवारको आवेदन नपरेकोले तोकिएको आवश्यक योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा रितपुर्वकको दरखास्त पेश गर्न हुन पुनः यो दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र.स. | विज्ञापन नं. | पद/तह | सेवा | समूह | माग संख्या | न्यून्तम शैक्षिक योग्यता | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७९/०८० | भेटनरी डाक्टर/ छैठौं तह | कृषि | ला.पा.डे.डे. | १ (एक) जना | १. मान्यता प्राप्त शैक्षिक संस्थाबाट B.V.Sc. and A.H. वा सो सरह । २. सम्बन्धित काउन्सीलमा दर्ता र नविकरण भएको । | लिखित र अन्तरवार्ता |
| २. | ०२/२०७९/०८० | कृषि अधिकृत/ छैठौं तह | कृषि | एग्रोनोमी | १ (एक) जना | १.मान्यताप्राप्त शैक्षिक संस्थाबाट B.Sc.Ag. गरेको । | लिखित र अन्तरवार्ता |
| ३ | ०३/२०७९/०८० | मेडिकल अधिकृत (आठौ तह) | स्वास्थ्य | ज.हे.स. | १ (एक) जना | १. मान्यताप्राप्त शैक्षिक संस्थाबाट कम्तिमा MBBS उतीर्ण गरी सम्बन्धित परिषद वा (Medical council) मा दर्ता तथा नविकरण भएको हुनु पर्ने छ । | लिखित र अन्तरवार्ता |

**१) दरखास्त दिने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, हरिनगरा, सुनसरी ।

**२) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, नेपाल मेडिकल काउन्सिल/सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, विदेशमा अध्ययन गरेको भए समकक्षताको प्रमाणित प्रतिलिपि ।

**३) दरखास्त दस्तुर बुझाउने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय, राजस्व शाखा, हरिनगरा, सुनसरी ।

**४) दरखास्त फाराम :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा हरिनगरा, सुनसरी वा हरिनगर गाउँपालिकाको वेबसाइट www.harinagaramun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**५) दरखास्त दिने अन्तिम मिति :** २०७९/०९/०३ गते र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय सम्म ।

**६) दरखास्त फाराम दस्तुर :** (क)मेडिकल अधिकृतका लागि रु.१५००।-, (ख) भेटनरी डाक्टर र कृषि अधिकृतका लागि रु.१२००।-

**७) उमेद्वारको उमेर हद तथा अन्य योग्यताः**

- विज्ञापन नं. १ र २ का लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।
- विज्ञापन नं. ३ का लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने छ ।

**८) पाठ्यक्रमः** सम्वन्धित पदका लागि लोक सेवा आयोगबाट निर्धारण गरिएको पाठ्यक्रम वमोजिम हुनेछ ।

**९) पारिश्रमिक :**

- मेडिकल अधिकृतका लागि आठौं तह वा सो सरह हुनेछ ।
- भेटनरी डाक्टर र कृषि अधिकृतका लागि नेपाल सरकारको रा.प.तृतीय श्रेणी वा सो सरहको शुरु तलब स्केल वमोजिम हुनेछ ।
- अन्य सेवा सुविधा करार सम्झौता वमोजिम हुनेछ ।

**१०) कामगर्नु पर्ने अवधि :** आ.व. २०७९।०८० का लागि हुनेछ । सो पश्चात कार्यालयको आवश्यकता र उमेद्बारको कार्य सम्पादन क्षमताका आधारमा सम्झौता अवधि थप हुन सक्नेछ । तर यही करार नियुक्तिको आधारमा पछि अस्थायी वा स्थायी नोकरीका लागि कुनै किसिमको आधार वा दावी लाग्ने छैन ।

**११) परीक्षा सञ्चालन मिति :** सम्पर्क मितिको दिन तोकिने छ । **अन्य थप जानकारीका लागि कार्यालय समयमा प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।**

**१२) नोट :** यस कार्यालयबाट मिति २०७९/०५/०८ गते माथि उल्लेखित पदका लागि प्रथम पटक प्रकाशित सूचना अनुसार पेश भएको दरखास्त यथावत कायम रहनेछ ।